२२२५/४३०

२०६५

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. १२/२०७१/७२
निर्णय नं. ४३०

जिल्ला पर्सा, वीरगंज उ. म. न. पा.-१० निबासी रामपुकार रौनियार ......................१ } पुनरावेदक

**विरुद्ध**

कार्यालय प्रमुख (कार्यकारी अधिकृत) पिताम्बर अधिकारी, वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्सा ......................१ } विपक्षी
सूचना अधिकारी प्रकाशमान सिंह अमात्य, वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्सा ...१

विषय :- नागरिकको संबिधान प्रद्धत्त हक र कानूनको व्यवस्थाबमोजिम माग गरिएको सूचना नदिने कार्यालय प्रमुख र सूचना अधिकारीलाई दण्डित गरी सूचना उपलब्ध गराउन भएको आदेश ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गत यस आयोग समक्ष पर्न आएको पुनरावेदन र तत् सम्बन्धमा यस आयोगबाट भएको कार्वाहीको संक्षिप्त तथ्य निम्नानुसार छ :

१. सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सूचना उपलब्ध नगराई गैह्र जिम्मेवारीपूर्वक जवाफ दिई सूचना दिन इन्कार गरी वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्साका कार्यालय प्रमुख एवं सूचना अधिकारीले सूचना उपलब्ध नगराएकोले माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी जिल्ला पर्सा, वीरगंज उ. म. न. पा.-१० निबासी रामपुकार रौनियारले मिति २०७१।०५।०५ मा यस आयोग समक्ष पुनरावेदन गरेको ।

२. माथिको प्रकरण नं. (१) बमोजिमको पुनरावेदन प्राप्त भएपछि यस आयोगबाट पुनराबेदनकर्ताले माग गरेको सूचना पुनराबेदनकर्तालाई ७ (सात) दिन भित्र उपलब्ध गराई सोको जानकारी यस आयोगलाई दिनू भनी वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्साका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा मिति २०७१।०५।११ गते आदेश जारी गरिएको ।

३. माथिको प्रकरण नं. (२) बमोजिमको आयोगको आदेश भएपश्चात पनि वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्साले माग बमोजिमको सूचना नदिएको हुँदा दण्ड जरिवाना समेतको कारबाही गरी सूचना दिलाई पाउँ भनी पुनराबेदकले मिति २०७३।०७।२४ मा पुन: उजुरी गरेको ।

४. माथि प्रकरण नं. (३) बमोजिमको उजुरी प्राप्त भए पश्चात यस आयोगबाट मिति २०७३।०७।२९ मा माग बमोजिमको सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिनभित्र यस आयोगमा पठाउनू । आयोगको आदेश पालना नभएमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही प्रकिया अगाडि बढाइने व्यहोराको आदेश जारी गरिएको । कार्यालय प्रमुख ( कार्यकारी अधिकृत) पिताम्वर अधिकारीको नाममा जारी भएको आदेशसहितको पत्र वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्साका ना. सु. राजेश गिरीले र सूचना अधिकारीको नाममा जारी भएको पत्र स्वयं सूचना अधिकारी प्रकाशमान सिंह अमात्यले मिति २०७३।०८।१५ मा बुझिलिएको देखिन्छ ।

५. माथि प्रकरण नं. (४) को आदेश पश्चात वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्साको च. नं. ६७३७।०७३।७४ मिति २०७३।०८।१६ को पत्रमार्फत निवेदकले के कस्तो सूचना मागेको हो सोको प्रकृति नखुलेकोले खुलाई आएमा तुरुन्त सूचना उपलब्ध गराउने व्यहोराको बोधार्थ पत्र यस आयोगमा प्राप्त भएको ।

६. माथि प्रकरण नं. (५) को बोधार्थ पत्र प्राप्त भएपछि यस आयोगबाट मिति २०७३।०९।०७ मा मागिएका सूचनाको सम्पूर्ण बिवरण खुलाई पुनराबेदकलाई मागबमोजिमको सूचना ३ (तीन) दिनभित्र उपलब्ध गराउनू भनी वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्साका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा आदेश जारी भएको । सो आदेशमा आयोगको यस पूर्वको २०७३।०७।२९ को आदेश समेतलाई ध्यानमा राखी सूचना उपलब्ध गराउन आदेश भएको देखिन्छ । यसरी आयोगबाट मिति २०७३।०९।०७ मा जारी भएको आदेशका हकमा तत् कार्यालयको प्रमुखको पत्र तत् कार्यालयका ना. सु. राजेश गिरीले र सूचना अधिकारीको नामको पत्र का. स. विक्रम दासले बुझिलिएको देखिन्छ ।

७. तत् पश्चात पुनः पुनराबेदकले मिति २०७३।०८।२६ मा यस आयोग समक्ष सूचना पाईन भनी उजुरी गरेको देखिन्छ । साथै, निजले आयोगको मिति २०७३।०९।०७ को आदेश उक्त कार्यालयमा बुझाएको लामो समय बितिसक्दा पनि सूचना नपाएकाले सूचना उपलब्ध नगराउने कार्यालय प्रमुख र सूचना अधिकारीलाई दण्ड गरी सूचना उपलब्ध गराई पाउँ भनी पुनः मिति २०७३।०९।२१ गते यस आयोगमा उजुरी गरेको मिसिल साथ संलग्न कागजातबाट देखिन्छ ।

**आयोगको ठहर**

प्रस्तुत पुनरावेदनको सम्बन्धमा पटक-पटक आदेश र पत्राचार भएको छ । वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्साले कुनै पनि पत्रद्वारा सूचना दिन इन्कार गरेको छैन । तर लामो समय देखि आयोगको आदेश पालना भएको पनि छैन ।

निज पुनराबेदकले माग गरेको सूचनाको प्रकृति हेर्दा उपमहानगरपालिकाले आफ्नो सूचना पाटीमा टाँस गर्नु पर्ने, वेबसाईटमा राख्नु पर्ने र पुस्तिकामा प्रकाशित गर्नु पर्ने प्रकृतिका सूचना भएको देखिन्छ । सामान्य सार्वजनिक सरोकारको सूचना प्रवाह गर्न समेत वीरगंज उपमहानगरपालिका पूर्णतः उदासीन रहेकोले राष्ट्रिय सूचना आयोगलाई नागरिकको संविधान र कानून प्रद्धत्त हकको प्रचलनमा खरो उत्रिनु पर्ने बाध्यतात्मक स्थिति आएको छ । आयोगबाट प्राकृतिक न्यायको सिद्धान्तबमोजिम निज कार्यालय प्रमुख र सूचना अधिकारीलाई पटक पटक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही हुने व्यहोराबाट सजग गराउँदा, चेतावनी दिँदा पनि ती पदाधिकारीहरू आफ्नो जिम्मेवारी पालनामा पूर्णतः गैर जिम्मेवार देखिएका छन् । यसर्थ, नागरिकको संविधान प्रद्धत्त मौलिक हकको प्रचलनका लागि एक स्वतन्त्र आयोगबाट पटक पटक चेतावनीयुक्त आदेश जारी गर्दा पनि गैर जिम्मेवार चरित्र प्रदर्शन गर्ने पदाधिकारीलाई दण्डित गर्नुको विकल्प आयोगसँग रहेन ।

२०६४

यसर्थ, नागरिकको संविधान प्रद्धत्त र कानूनले व्यवस्था गरेको सूचनाको हकको ठाडो उल्लंघन गर्ने वीरगंज उपमहानगरपालिका कार्यालयका प्रमुख (कार्यकारी अधिकृत) पिताम्वर अधिकारी र उक्त कार्यालयका सूचना अधिकारी प्रकाशमान सिंह अमात्यलाई सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३२ को उपदफा (१) बमोजिम जनही रु. १०,००० (दश हजार मात्र) का दरले जरिवाना हुने ठहर्छ । साथै, निजहरूलाई बिभागीय सजाय गरी ऐनको दफा ३२ को उपदफा (३) बमोजिम यस आयोगलाई जानकारी दिन संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालयमा लेखी पठाउने । साथै, सोही मन्त्रालयलाई पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन यस आयोगको मिति २०७३।०९।०७ गतेको आदेशको छायाँप्रति साथमा राखी लेखी पठाउनू । यसको जानकारी संघीय मामिला तथा स्थानीय बिकास मन्त्रालय, वीरगंज उपमहानगरपालिका कार्यालयका प्रमुख (कार्यकारी निर्देशक) पिताम्बर अधिकारी र सोही कार्यालयका सूचना अधिकारी प्रकाशमान सिंह अमात्य र पुनराबेदकलाई दिनू । साथै, सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम नं. ६(७) बमोजिम आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम गरेको जरिवाना असुल उपर गरी आयोगलाई जानकारी दिनू भनी जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाउनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्वत् २०७३ साल पुष २२ गते रोज ६ शुभम् ।